तीनै पत्रका पूर्णाङ्कको सैकडा ४५ भन्दा बढी अंक पाउने व्यक्तिहरू मध्येबाट मात्र योग्य उमेदवार छानिनेछन् ।

मौखिक अन्तर्वार्ता (इन्टरभ्यू) मा पूर्णाङ्क ७५ रहनेछ ।

सेक्रेटरी,
सिभिल स्क्रीनिङ कमिटी
सिंहदरबार,

## सिभिल स्क्रीनिङ कमिटीको सूचना (नं. २)

सिभिल स्क्रीनिङ कमिटीका सिफारिशमुताबिक गजेटेड र नन्–गजेटेड अफिसरहरू तपसीलमा लेखिएका सेवा तथा शाखामा विभाजित हुने भएका छन् ।

तपसील

(क) नेपाल निजामती सेवाः–यसमा तपसीलका शाखाहरू रहनेछन् :

१. शासनप्रबन्ध शाखा
२. अडिटर र अकाउन्ट शाखा
३. भन्सार तथा अन्तःशुल्क शाखा
४. आयकर शाखा
५. न्याय शाखा

(ख) नेपाल टेक्निकल सेवाः–यसमा तपसीलका शाखाहरू रहनेछन् :—

१. इन्जीनियरिङ शाखा
२. चिकित्सा शाखा
३. रेलवे शाखा
४. वन शाखा
५. हुलाक, टेलिफोन, आकाशवाणी शाखा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।